**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।०६ गतेको बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।०६ गतेको बैठकका निर्णयहरुः**

१. आर्थिक वर्ष २०८१/८२ दशै मोटरबाटो सोरसार सम्बन्धमा छलफल गरी तत्काल बाटो सोरसार गरी उपयुक्त प्रकृया मार्फत कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

२. तिनाउ गाउँपालिकाले मिति २०८१।०६।०६ गते गरेका कार्यपालिका बैठकका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो । कार्यपालिकाको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवाला पक्षहरुलाई जिम्मेबार बनाउँदै नतिजामा आधारित कार्यसम्पादन गर्ने निर्णय गरियो ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८१/८२ को कार्यक्रम तपशिल अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशिल**

- आ.व बर्ष २०८१।८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्नतगत सञ्चालित आयोजनामा न्यूनतम रोजगारीका लागी सूचिकृत बेरोजगार ब्यक्तिहरु वडा नं. १ मा १७१ जना, वडा नं. २ मा १५ जना, वडा नं. ३ मा ३१ जना, वडा नं. ४ मा ३७३ जना , वडा नं. ५ मा ८२ र वडा नं. ६ मा ५७ जना गरि जम्मा ७२९ जनाको इमिसमा रहेको प्राथमिकिकरणलाई प्रमाणित गर्ने निर्णय ।
- सूचिकृत बेरोजगार ब्यक्ति काममा खटाउने सम्बन्धमाः

(क) रोजगार आयोजनामा श्रमीक परिचालन बेरोजगार ब्यक्तिको सूचि निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७२ को प्राथमिकिकरण क्रम अनुसार गर्ने निर्णय गरियो ।

(ख) काममा जान तथा काम गर्न इच्छुक नभएका, बिचमै काम छोडने मनसायका, कामको आचारसहिंता उल्लघन गर्ने प्रवृतिका ब्यक्तिहरुको स्थानमा वडाको सिफारिसमा प्राथमिकिकरण अनुसार अन्य सूचिकृत ब्यक्तिहरुलाई खटाउने निर्णय ।

(ग) वडाको सूचिकृत ब्यक्तिहरु ३० जना सम्म भएको वडामा उपभोक्ता समिती गठन गर्न आवश्यक न्यूनतम संख्या ५ जनालाई रोजगार दिने गरि सञ्चालन गर्ने निर्णय गरियो ।

(घ) सबै वडामा सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई रोजगारीमा खटाउनको लागी सबै वडामा आयोजना सञ्चालन गर्न आवश्यक भएकाले सबै वडामा कमसेकम १ वटा योजना भए पनि सञ्चालन गर्ने उद्देश्य अनुरुप योजनाहरुमा EMIS मा प्रविष्टि भएका बेरोजगार ब्यक्तिहरुको संख्या, बजेटलाई र प्राथमिकिकरणमा परेका ब्यक्तिहरुको संख्यालाई आधार मानि सबै वडामा कार्यक्रम सञ्चालन गर्ने गरि प्राथमिकता बमोजिम जम्मा ७० जनालाई युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनामा र पारिश्रमिकमा आधारित सामुदायिक योजनाहरुमा १०० दिनको रोजगारी हुने गरि तपशिल बमोजिम खटाने निर्णय गरियो ।

तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।०६ गतेको बैठकका निर्णयहरुः

**तपशिल**

| वडा नं. | सूचिकृत व्यक्ति | रोजगारीमा खटाउने संख्या | कैफियत |
|---|---|---|---|
| १ | १७१ | १५ | |
| २ | १५ | ५ | |
| ३ | ३१ | ६ | |
| ४ | ३७३ | २७ | |
| ५ | ८२ | ९ | |
| ६ | ५७ | ८ | |
| | ७२९ | ७० | |

४. गाउँपालिका राष्ट्रिय महासंघको मिति २०८१।०६।१९ गतेको पत्र अनुसार विपदमा परेका गाउँपालिकाहरुलाई राहत उपलब्ध गराउन प्रधामन्त्री दैवी प्रकोप राहत कोषमा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु १ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. दोभान फुटवल क्लबलाई 7 A Side खेलकुद प्रतियोगिता सञ्चालन गर्नको लागि युवा लक्षित कार्यक्रमबाट रु. १ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. तिनाउ गाउँपालिकाको वडा नं. ४ को सत्यवती मन्दिरमा लाग्ने वृहत मेलालाई सञ्चालन र व्यवस्थापन गर्ने तपशिल अनुसार गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) मन्दिर परिसरको सुरक्षा र व्यवस्थापन गर्न मन्दिर विकास समितिले मन्दिर परिसरमा CC TV क्यामेरा जडान गर्न लगाउने निर्णय गरियो ।

(ख) २०८१।०७।१३ गते ११ बजे मन्दिर व्यवस्थापन समितिको सहभागिता कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

(ग) सत्यवती मेलाको अवधिमा भाडा निर्धारणलाई पारदर्शी बनाउन यातायात व्यवसायीहरुसँग बैठक बसी भाडा दर कायम गर्ने निर्णय गरियो ।

७. आर्थिक वर्ष २०८१/८२ मा उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजनाहरुको काम गर्न गठन भएका उपभोक्ता समितिहरुको तालिम तपशिल अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | वडा नं. | तालिम सञ्चालन मिति | सम्झौता गर्ने मिति |
|---|---|---|---|
| १ | १ | २०८१।०८।०३ गते दिउस ११ बजे | २०८१।०८।१० गते दिउस ११ बजे |
| २ | २ | २०८१।०८।०४ गते दिउस ११ बजे | २०८१।०८।११ गते दिउस ११ बजे |
| ३ | ३ | २०८१।०८।०५ गते दिउस ११ बजे | २०८१।०८।१२ गते दिउस ११ बजे |

तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।०६ गतेको बैठकका निर्णयहरुः

| | | | |
|---|---|---|---|
| ४ | ४ | २०८१।०८।०६ गते दिउस ११ बजे | २०८१।०८।१३ गते दिउस ११ बजे |
| ५ | ५ | २०८१।०८।०७ गते दिउस ११ बजे | २०८१।०८।१४ गते दिउस ११ बजे |
| ६ | ६ | २०८१।०८।०९ गते दिउस ११ बजे | २०८१।०८।१६ गते दिउस ११ बजे |

८. सडक बोर्ड नेपालको प.सं. २०८१-८२ च.नं. ४३९ मिति २०८१।०६।१३ को पत्र अनुसार व्यवस्था भै बजेट विनियोजन भएको रु १५ लाख रकममा गाउँपालिकाबाट रकम थप गरी कचलबाट झिङ्गामारा जाने सडक अन्तर्गत गाङदी खोला क्षेत्रको सडकलाई स्तरउन्नती गर्ने निर्णय गरियो ।

९. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पासँग पशु उपचारमा सहकार्य गर्ने विषयमा प.सं. २०८१-८२ च.नं. ७३ मिति २०८१।०७।०२ गतेको पत्र अनुसारको कार्यक्रम सञ्चालन गर्न लागत साझेदारी कार्यक्रमबाट रु १ लाख रकम उपलब्ध गराइ साझेदार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१०. तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८० को दफा १४ उपदफा २ को (क) मा संशोधन गरी उक्त दफा १४ उपदफा २ को (क) को अन्त्यमा "तर कुनै प्रशिक्षकबाट चार सेसन सम्म कक्षा सञ्चालन गर्दा कार्यक्रम प्रभावकारी हुने देखिएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा अध्यक्षले निर्णय गरी चार सेसन सम्मको पारिश्रमिक भुक्तानी दिन सकिनेछ" । भन्ने व्यहोरा थप गर्ने निर्णय गरियो ।

११. तिनाउ कृषि उपज संकलन तथा विक्रि केन्द्रको माग बमोजिम उत्पादनमा आधारित अनुदानबाट पछी मिलान गर्ने गरी हाललाई रु ३ लाख रकम तिनाउ कृषि उपज संकलन तथा विक्रि केन्द्रलाई उपलब्ध गराउने निर्णय गरियो ।

१२. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परीक्षण कार्यविधि, २०८० को दफा १४ बमोजिम गाउँकार्यपालिकाको २०८१।०९।०६ गते गठित समतिको सदस्य सचिवको रुपमा यस गाउँपालिकाको वातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने शाखा प्रमुख श्री हरि प्रसाद पराजुलीलाई तोक्ने निर्‍र्णय गरियो ।

१३. गाउँपालिकाको वडा नं. १ को ओखलढुङ्गा आंकुसे सडकमा ग्याविन लगाउनु पर्ने अवस्था देखिएकोले लागत अनुमान अनुसार रु ४ लाख ८० हजार बराबर रकम मर्मत संभार कोषबाट भुक्तानी दिने गरी काम सम्पन्न गर्ने निर्णय गरियो ।

१४. व्यवसायीक कृषि तथा पशुपालन व्यवसायी प्रोत्साहन व्याजमा अनुदान कार्यविधी,२०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।०६ गतेको बैठकका निर्णयहरुः**

१५. प्रारम्भिक बाल विकास संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

१६. सामुदायिक विद्यालयहरुमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१